# पाठ ७ पत्नीको कर्तव्य

पत्नीको जिम्मेवारी ठूलो छ भनी थाहा गर्ने र परमेश्वरले चाहनुभएकी जस्तै पत्नी हुन तयारी हुने स्त्री बुद्धिमानी हुन्। आनन्दित र जीवनभरि रहने विवाहको निम्ति भएको परमेश्वरको सिद्धान्तलाई तिनी बुझ्छिन् र ती आफ्नो जीवनमा प्रयोग गर्नका लागि तिनी सिक्छिन्।

घरमा मानिस र स्त्रीको स्थान कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा परमेश्वरको वचनले स्पष्ट उल्लेख गरेको छ, र ख्रीष्टियान विवाहको मिलाप पनि यसैमा भर पर्छ। आफ्नी पत्नीलाई सुरक्षा गर्ने अधिकार पतिलाई परमेश्वरबाट नै दिइएको हो र यसलाई खुशीसाथ स्वीकार गरिनुपर्छ र तिनको सरोकार र वास्ताले घरको आत्मिक जीवनमा ठूलो टेवा मिल्छ।

स्त्रीले आफ्नो जीवनमा आफ्ना पतिलाई ठीक स्थान दिनु भनेको अर्थ के हो– परमेश्वरले उनलाई ओगट्न लगाउनुभएको



स्थान– र यसो गर्नाले परिवारमा यसको स्थिर प्रभाव हुन्छ भन्ने विषयमा हामी यस पाठमा अध्ययन गर्नेछौं।

भक्त पत्नीको बारेमा हितोपदेशले भनेका कुरालाई प्रभुका एक सेवकले यसो भनी आफ्नी पत्नीलाई चुम्बकसँग तुलना गरेका छन्। उनले भनेका छन् कि उनी जहाँसुकै भए तापनि "मेरो निम्ति त्यो चुम्बकको तान्ने शक्तिसँग तुलना गर्न सक्ने अरू केही थोक नै छैन।"

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

आफ्ना पतिलाई प्रेम गर्नु
घरलाई आनन्दित घर बनाउनु
छोराछोरीलाई प्रेम गर्नु र तालीम दिनु
घरबाहिर सेवा गर्नु

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- वैवाहिक सम्बन्धका आधारभूत तत्त्वहरूलाई छलफल गरी

कठिनाइका समयहरूमा यसले विवाहलाई कसरी सुरक्षित राख्छ सो बताउन।

- घरलाई आनन्दित बनाउनका लागि पत्नीको दायित्वको वर्णन गर्न।
- स्त्रीले आफ्नो परिवारलाई प्रभाव पार्न सक्ने उपायहरूलाई उल्लेख गर्न।

## आफ्ना पतिलाई प्रेम गर्नु

### उनलाई प्रेम र आदर गर्नु

पत्नीको मुख्य कर्तव्य आफ्ना पतिको अधीनमा रहनु हो भनी धेरै व्यक्तिहरूले भन्ने गर्छन्। प्रेरित पौलसले तीतसलाई लेख्दा यस विषयमा अर्ती दिनका लागि याद दिलाएका छन् कि वृद्धा स्त्रीहरूले आफूमाथि भक्त स्त्रीहरूका रूपमा प्रस्तुत गर्नुपर्छ, यसरी "तिनीहरूले तरुणीहरूलाई आ-आफ्ना पति र बालबच्चाहरूलाई प्रेम गर्न, र तिनीहरू समझदार, पतिव्रता, घरजम गर्न सक्ने, दयालु, आ-आफ्ना पतिका अधीनमा रहने हुनलाई तालीम दिऊन्" (तीतस २:४-५)। यसरी हामी देख्छौं कि पत्नीहरू आफ्ना पतिहरूका अधीनमा भएका परमेश्वर चाहनुहुन्छ, र यो आज्ञा साँचै नै पालन गर्न चाहने पत्नीलाई यो त्यति कठिन हुँदैन। यद्यपि, तिनी आज्ञाकारी हुन चाहने वा नचाहने कुरा तिनी आफ्ना पतिलाई कति धेरै प्रेम गर्छिन् र उनका पति पनि घरको शिरको निम्ति ख्रीष्टले दिनुभएको नमूनामा कति भिजेका छन् सो कुरामा भर पर्छ।

पत्नीको *मुख्य* कर्तव्य के हो भनी निश्चित गर्नुभन्दा पनि महत्त्वपूर्ण कुराचाहिँ पति र पत्नीले एक-अर्काको निम्ति गरेको प्रेम र आदर नै हो भनी बाइबलले जोड दिएको कुरालाई हामीले हाम्रो मनमा राख्नुपर्छ। यी आधारभूत तत्त्वहरूविना

विवाहचाहिँ हल्लिने भूमिमा उभिएको हुन्छ। तर विवाह ईश्वरीय संगठन हो र मण्डली (एकलेसिया)-सँग भएको ख्रीष्टको सम्बन्धको नमूनामा यसलाई स्थापना गरिएको छ भनी विश्वास गरी वैवाहिक सम्बन्धमा प्रवेश गर्ने पति र पत्नीले स्थिर जगको निर्माण गरेका हुन्छन् (एफिसी ५:२१-३३)।

आफ्ना पत्नीहरूलाई प्रेम र आदर गर भनी बाइबलले पतिहरूलाई दिएको आज्ञाको अर्थको बारेमा हामीले पाठ ६-मा नै छलफल गरिसकेका छौं। पत्नीहरूलाई दिइएका आज्ञाहरूका बारेमा पनि यही नै कुरा भन्न सकिन्छ। ख्रीष्टियान दम्पत्तिका हैसियतले पति र पत्नीले आफ्ना जिम्मेवारीहरू पूरा गरेर वा वेवास्ता गरेर आफ्ना निम्ति भएको परमेश्वरको योजनालाई जीवनमा पूरा गर्नका लागि कि त बाधा वा सहायता गर्न सक्छन्। कमजोर (अबला) सहयोगीका रूपमा आफ्नी पत्नीलाई प्रेम र आदर गर्ने जिम्मेवारी पतिको भएझैं, बलियो, संरक्षक र परिवारको शिरको रूपमा आफ्ना पतिलाई प्रेम र आदर गर्ने जिम्मेवारी पत्नीको हो। उसका भूलहरू धेरै वा थोरै जे भए तापनि, तिनको पतिको हैसियतले ऊ आफ्नी पत्नीको आदरको योग्य हुन्छ। "तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, पत्नीले पनि आफ्ना पतिको आदर गरोस् (एफिसी ५:३३)।

पति र पत्नीका बीचमा फोहोर शब्दहरू बोल्नका निम्ति घरमा कुनै ठाउँ छैन। सधैं गनगन र गाली गर्दै तिनीहरू एउटाले अर्कोलाई रीस उठाउनुहुँदैन। अरूहरूका उपस्थितिमा कहिल्यै पनि पत्नीले आफ्ना पतिलाई निन्दा, आलोचना र गाली गर्नु हुँदैन। पति र पत्नीका बीचमा भएको प्रेम र आदरले समस्याहरू आउँदा पनि तिनीहरूको विवाहलाई ठूलो सुरक्षा प्रदान गर्छ। जीवन-साथीको व्यवहार र भावनाहरूले तिनीहरूको विवाहको जगलाई परिवर्तन गर्न सक्तैन।

**तपाईंको अभ्यासको निम्ति**

१ एफिसी ५ : ३ ३ कण्ठ गर्नुहोस्।

२ कठिनाइहरू आइपर्दा वैवाहिक सम्बन्धको कुन आधारभूत तत्त्वले विवाहलाई सुरक्षित राख्छ?

........................................................................

३ **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क** पत्नी आफ्नो अधीनमा हुनुपर्छ भनी आशा गर्ने पति पनि आफू ख्रीष्टको नमूनाअनुसार जिउनुपर्छ।

**ख** यदि पतिले आफूलाई ख्रीष्टको नमूनाअनुसार चलाएन भने, पत्नी पनि उसको अधीनमा हुनु आवश्यक छैन।

**ग** आ-आफ्ना पतिहरूलाई प्रेम र आदर गर्नका लागि पत्नीहरूलाई आज्ञा गरिएको छ, तर तिनीहरू अधीनमा चाहिँ रहनु पर्दैन।

## उनीप्रति विश्वासयोग्य हुनु

एक देशमा विवाह गर्ने तरीका अर्को देशमा विवाह गर्ने तरीकाभन्दा फरक हुन सक्छ। एउटै संस्कृति वा देशभित्र पनि दुलही र दुलहाका बीचमा बाँध्ने बाचा पनि फरक हुन सक्छन्। तर विवाह धार्मिक विधि (संगठन) भएको हुनाले, यो परमेश्वरको व्यवस्थाको अधीनमा छ। आफ्नो विवाहमा परमेश्वरको स्वीकृत र मान्यता प्राप्त गर्न चाहनेहरूलाई नै परमेश्वरको वचन प्रचार गरिन्छ।

विवाहको सम्बन्धमा बाइबलले निर्धारित गरेको स्तर आज संसारका धेरै ठाउँहरूमा निर्धारित र प्रयोग गरिएको भन्दा धेरै

फरक छ। येशू आफैले नै मोशाको व्यवस्थाबाट उद्‌धृत गर्दै भन्नुभयो, "यसैकारण मानिस आफ्ना बाबु र आमालाई छोड़ेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुइ जना एउटै शरीर हुनेछन्।" तब उहाँले अझै भन्नुभयो, "तिनीहरू फेरि दुइ होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एक साथ जोर्नुभएको छ, मानिसले नछुट्ट्याओस्" (मर्कूस १०:७-९)। यसै अध्यायको ९ र १० पदले अझै स्पष्ट पार्छ कि परमेश्वरले विवाहलाई पवित्र सम्बन्धको रूपमा लिनुभएको छ, जहाँ मानिस र स्त्रीको प्रवेश हुन्छ। तिनीहरू बाँचुञ्जेलसम्म यो सम्बन्ध कायम नै रहन्छ। विवाहित दम्पत्तिमध्ये कुनैले पनि विवाहविच्छेद गरी अर्कोसँग विवाह गर्‍यो भने व्यभिचारको दोषी हुन्छ।

विवाहको वाचा बाँध्ने पुरुष र स्त्री परमेश्वरको दृष्टिमा "एउटै बन्छन्", यदि तिनीहरूले यो पवित्र समर्पणलाई परमेश्वरको दृष्टिबाट हेरे भने, यसको अर्थ *"एउटै भई रहनु"* भन्ने कुरा उनीहरूलाई थाहा हुन्छ। बिरामी भएको समयमा र स्वस्थ्य भएको समयमा। आर्थिक कठिनाइको समयमा र प्रशस्तताको समयमा। असल समयमा र खराब समयमा। आफू एकलैले सहन नसक्ने संकष्टका घड़ी भएर जाँदा पत्नीको धैर्य, समझ र उत्साह पाएर पतिले सफलता हासिल गरेका छन्।

ठीक किसिमकी पत्नीको बारेमा हितोपदेश ३१-ले धेरै कुरा बताएको छ। परमप्रभुको आदर गर्ने असल पत्नीको वर्णन यस अध्यायमा दिइएको छ (पद ३०)। यस किसिमकी पत्नी पाउन कठिन छ भनी लेखकले बताएका छन्, तर "तिनी मूगा-मोतीभन्दा पनि अति नै बढ़ी मूल्यकी हुन्छिन्" (१० पद)। तिनी पवित्र र धर्मी, ठीक र ईमानदार र भरपर्दो हुन्छिन्। तिनी विचार, वचन र कामहरूमा आफ्ना पतिप्रति विश्वासयोग्य हुन्छिन्। "तिनले आफ्नो जीवनकालभरि नै उनको

भलो गर्छिन्, कुभलो होइन'' (१२ पद)। हितोपदेश ६:२४ की स्त्रीले जस्तै तिनले अरू मानिसहरूलाई परीक्षामा पार्दिनन्। त्यो मानिस आशिषित हो जससँग आफूले प्रेम र भरोसा गर्न सक्ने पत्नी हुन्छिन्, र उसले ''तिनलाई सबैलाई भन्दा उत्तम'' देखेको हुन्छ (२६ पद)।

**तपाईंको अभ्यासको निम्ति**

**४** विवाहको लागि परमेश्वरको नमूना भेट्टाउने उत्तम श्रोत के हो? ..........................................................

**५** **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क** विवाह र विवाहविच्छेद दुवै परमेश्वरद्वारा नै शुरू गरिएका हुन्।

**ख** पति र पत्नी दुवै ख्रीष्टियान छन् भने समस्याहरूबाट विवाह स्वतन्त्र हुन्छ।

**ग** जस्तोसुकै कठिनाइहरू आए तापनि एक असल पत्नी आफ्ना लोग्नेप्रति विश्वासयोग्य हुन्छिन्।

**६** पुरानो करारको कुन पुस्तकमा असल पत्नीको वर्णन पाइन्छ?

..........................................................

## घरलाई आनन्दित घर बनाउनु

### वचन र काममा उदाहरण हुनु

एक पत्नी, तिनले बोलेको तरीकाद्वारा नै आफ्ना पति, आफ्ना छोराछोरी र तिनलाई चिन्ने सबैका निम्ति आनन्द र उदाहरण हुन सक्छिन्। वा त तिनको आवाजको ध्वनी वरपर

आउनेहरूका जीवनलाई तिनले दुःखपूर्ण पारिदिन सक्छिन्। कचकचे, गनगने, र कुरौटेले दिक्क पार्छे, र घरमा भएका सबै नै दुःखित हुन्छन् (हितोपदेश २१:९)। यस्तो किसिमको प्रभाव भएको घरमा हुर्काइएका केटाकेटीहरूले आफूले विवाह गरी आफ्नो घर स्थापना गर्दा पनि प्रायःजसो यही नमूनालाई पछ्याएका हुन्छन्।

कुराउटे, अर्काको काममा हात हाल्ने, र बोल्नु नहुने कुराहरू बोल्नेका विरुद्धमा १ तिमोथियस ५:१३-मा चेताउनी दिइएको छ। तर पत्नी र आमाको हँसिलो स्वभाव र दयालु र प्रेमी वचनले पूरै परिवारमा ठूलो प्रभाव पार्न सक्छ। "तिनी बुद्धिसँग बोल्छिन्। तिनका छोराछोरीहरू खड़ा भएर तिनलाई धन्य भन्छन्, र तिनका पतिले पनि तिनको प्रशंसा गर्छन्" (हितोपदेश ३१:२६,२८)।

आफ्ना कामहरू र बोलीवचनमा पत्नी उदाहरण हुनुपर्छ भनी देखाउने धेरै तरीकाहरूलाई हामी यस पाठमा अझै अध्ययन गर्ने नै छौं।

**तपाईंको अभ्यासको निम्ति**

**७** हितोपदेश ३१:२६,२८ कण्ठ गर्नुहोस्।

**८** भक्त पत्नी र आमा उदाहरण हुन सक्ने दुइ तरीकाहरू के-के हुन्? ..................................................

**असल घरको निर्माण गर्नु**

तीतस २:५-ले बताउँछ कि विवाहित स्त्रीहरू "असल गृहपत्नीहरू" हुनुपर्छ। स्त्रीको पहिलो जिम्मेवारी आफ्नो

परिवारको निम्ति हो, घरमा भएकाहरूलाई हेरचाहा गरेर घरलाई आनन्दित घर बनाउनु हो। यो सानो काम होइन, तर परमेश्वरले दिनुभएको काम हो, र उत्तम पत्नी र आमा हुने उद्देश्य राख्ने स्त्रीलाई परमेश्वरले सहायता र बल दिनुहुनेछ।

असल पत्नी र आमाले उपलब्ध भएको रुपियाँपैसाबाट आफ्नो परिवारको निम्ति असल हुने र तिनीहरूलाई खुशी तुल्याउने खानेकुरा पकाउन सिक्छिन्। तिनीहरूका निम्ति स्वास्थ्यकर खाना तयार गर्नका लागि ठीक किसिमका खानाहरूका सम्बन्धमा आफूले सकेसम्म तिनले सिक्नुपर्छ। आफ्नो परिवारलाई प्रेम गर्ने स्त्रीका लागि आफ्नो घर चिटिक्क र सफा राख्नु (जस्तोसुकै गरीब घर भए तापनि), र तिनीहरूका आवश्यकताहरू पूरा गरिएको छ भनी खुशीसाथ हेर्नु आनन्द नै हो। यदि तिनी परमेश्वरको आदर गर्छिन् भने, ठीक समयमा आफ्नो परिवारको निम्ति खाना तयार गर्न र हाँसीखुशी बाँड्न, आफ्ना पति र छोराछोरीहरूका लुगा धोइदिन र घरलाई सफासुग्घर राख्न बोझजस्तो तिनी सम्झिन्नन्। यी त आफ्ना प्रियहरूका निम्ति प्रेमकै कार्यहरू हुन्। यस्ती किसिमकी पत्नी र आमाकहाँ परिवार आउन मन पराउँछ।

### तपाईंको अभ्यासको निम्ति

६ आफ्ना कामहरूद्वारा असल घर बनाउन उदाहरण हुने स्त्रीले कसरी तीन तरीकामा सो गर्न सक्छिन्?

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

**होशियारीसाथ खर्च गरेर**

भक्त स्त्रीको प्रसन्नता तिनले गरेको सबै थोकमा प्रकट भएको हुन्छ। आफ्नो परिवार र घरानालाई उचित किसिमले हेरचाहा गर्नलाई आवश्यक पर्ने रुपियाँपैसा आफूसँग नहुँदा पनि आनन्दित हुनका लागि तिनलाई अलि कठिन होला। तर तिनीसँग भएका कुरामा सन्तुष्ट हुन र आफ्ना पतिको कमाइभन्दा बढ़ी र धेरै खर्च नगर्नका लागि आफूलाई अनुशासित गर्न परमेश्वरले तिनलाई सहायता गर्न सक्नुहुन्छ। यदि तिनले परमेश्वरमा भरोसा राखिन् भने, उहाँले तिनी र तिनको परिवारलाई कहिल्यै त्याग्नु हुनेछैन भनी थाहा गर्दा तिनी अति नै आनन्दित हुनेछिन्। "तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, 'म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ' " (हिब्रू १३:५)। उहाँले हरेक खाँचोलाई पूरा गर्ने प्रतिज्ञा दिनुभएको छ (फिलिप्पी ४:१९)।

घरको निम्ति खानेकुरा र अरू सामानहरू किन्दा स्त्रीहरूले पैसा बचाउने उपायहरू खोज्नुपर्छ। बेच्न राखिएका धेरै महङ्गा थोकहरू किन्नु आवश्यक पर्दैन। कोही स्त्रीहरूले सिउन सिक्छन् र आफ्नो परिवार र आफ्नो निम्ति लुगाहरू बनाएर केही पैसा जोगाउन सक्षम हुन्छन्। अवश्य पनि समय-समयमा विशेष खाँचोहरूलाई प्रार्थनामा परमेश्वरकहाँ लगिनुपर्छ। आफ्ना सन्तानले तिनीहरूको खाँचो आफूकहाँ ल्याएको परमेश्वर चाहनुहुन्छ, तर तिनीहरूसँग भएका थोकहरूका निम्ति पहिले तिनीहरू धन्यवादी हुनुपर्छ। "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्" (फिलिप्पी ४:६)।

### तपाईंको अभ्यासको निम्ति

**१०** स्त्रीले आफ्नो घरमा पैसा जोगाउन सक्ने दुइ तरीकाहरू दिनुहोस्। तपाईंको आफ्नै वा पाठमा पाइएको सुझाव दिन सक्नुहुन्छ। ..............................................

..............................................................................

**११** फिलिप्पी ४:६ कण्ठ गर्नुहोस्।

## छोराछोरीलाई प्रेम गर्नु र तालीम दिनु

छोराछोरीलाई माया, शिक्षा र तालीम दिने विशेष जिम्मेवारी आमाको हो, किनभने बाबुभन्दा तिनीचाहिँ धेरै घरमा नै रहन्छिन्।



२ तिमोथियस १:५-मा प्रेरित पौलसले लेखेका कुराबाट हामीलाई यो स्पष्ट हुन्छ कि तिमोथियसले आफ्नी आमा र

बजैबाट परमेश्वरको वचनको सत्यता सिकेका थिए। परमेश्वरको निम्ति र आफ्नो छोरा शमूएलको निम्ति भएको आफ्नो प्रेमको कारणले नै हन्नाले आफ्नो छोरालाई परमेश्वरको सेवामा सुम्पेकी थिइन् (१ शमूएल १:२४-२८)। मोशाकी आमाले उनलाई राम्रोसँग सिकाएकी हुनाले नै उनी जवान भएपछि उनले परमेश्वर कै सेवा गर्ने निर्णय गरेका थिए (हिब्रू ११:२४-२५)।

"तिनका छोराछोरीहरू खड़ा भएर तिनलाई धन्यवाद भन्छन् र तिनका पतिले पनि तिनको प्रशंसा गर्छन्" (हितोपदेश ३१:२८) भन्ने शब्दहरू पत्नी र आमाको दायित्वलाई विश्वासयोग्यतासाथ पूरा गर्ने भक्त स्त्रीहरूका लागि आदर हो।

### तपाईंको अभ्यासको निम्ति

**१२** तल दिइएका व्यक्तिहरूमध्ये कस-कसकी ईश्वरभक्त आमाहरू थिए र तिनीहरूले उनीहरूलाई परमेश्वरको वचन सिकाए?

**क** तिमोथियस, मोशा र पौलस
**ख** मोशा, शमूएल र तिमोथियस
**ग** शमूएल, मोशा र पौलस

## घर बाहिर सेवा गर्नु

स्त्रीको पहिलो सरोकार आफ्नो परिवार भए तापनि, तिनका अरू इच्छाहरू पनि हुन्छन्। हामीले पढ्ने हितोपदेश ३१-मा उल्लेखित स्त्री अल्छी व्यक्ति होइनन्। तिनी खेतबारीमा काम गर्थिन्, तिनीसँग बेच्ने सामानहरू हुन्थे। गाउँमा नबस्ने धेरै स्त्रीहरूका लागि यो कुरा त्यति उपयुक्त हुँदैन होला, तर घरको

सामान्य सम्वृद्धिमा पत्नीको योगदानचाहिँ अवश्य पनि ठूलो हुन्छ।

आफ्नो घरका सबै कामहरूलाई परिपाटी मिलाई घरबाहिर पनि केही काम गर्न सक्नु पत्नीको निम्ति कति आशिष्को कुरा हो। यद्यपि, सबै काम पत्नीले नै गरिदिओस् भनी पतिले आशाचाहिँ गर्नुहुँदैन। आफ्नो पतिको सहयोग नपाईकन घरको, छोराछोरीको, र घरबाहिरको सबै जिम्मेवारीहरूलाई पत्नीले पूरा गर्न सक्दिनन्।

यस पाठमा हामीले अध्ययन गर्ने गरेकी दयालु स्त्री बुद्धिमानी, भला र दयालु छिन्। तिनी गरीबहरूलाई सहायता गर्छिन् (हितोपदेश ३१:२०)। परमेश्वरले तिनलाई बल र आदर दिनुहुन्छ, किनकि तिनी परमप्रभुको डर मान्छिन् र उहाँको आज्ञा पालन गर्छिन्। "तिनी सामर्थ्य र प्रतिष्ठाले सुशोभित हुन्छिन् र आउने दिनहरूका बारेमा तिनी डराउँदिनन्" (२५ पद)। चरित्रको यो सुन्दरता अनुहारको सुन्दरताभन्दा धेरै उत्तम कुरा हो। शारीरिक सुन्दरता नाश हुन्छ, "तर परमेश्वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ" (३० पद)।

---

**तपाईंको अभ्यासको निम्ति**

**१३** घरभन्दा बाहिरका जिम्मेवारीहरूलाई पूरा गर्नका लागि स्त्रीका निम्ति कुन दुइ शर्तहरू आवश्यक छन्?

........................................................................

........................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

७ तपाईंले हितोपदेश ३१:२६,२८ कण्ठ गरिसक्नुभएपछि अर्को व्यक्तिको अगाड़ि ती पदहरूलाई मुखस्थ भन्नुहोस्।

१ तपाईंले पदलाई कण्ठ गरिसक्नुभएपछि, अर्को व्यक्तिको अगाड़ि मुखस्थ भन्नुहोस्।

८ तिनका वचन र कामहरूमा।

२ पति र पत्नीका बीचमा प्रेम र आदर।

९ परिवारको निम्ति सन्तुलित र स्वादिष्ठ खाना तयार गरेर, आफ्ना छोराछोरीहरूको राम्रो हेरचाहा गरेर, आफ्नो घरलाई सफासुग्घर र चिटिक्क राखेर।

३ **क** ठीक **ख** बेठीक **ग** बेठीक

१० सिलाइ गर्ने स्त्रीहरूले आफ्नो परिवारको निम्ति सिलाइ गरेर बचाउन सक्छन्। घरको निम्ति कम महङ्गा सामानहरू किन्न सक्छन्।

४ बाइबल

११ तपाईंले बाइबलको पदलाई राम्रोसँग सिक्नुभएपछि, अर्को व्यक्तिको अगाड़ि यसलाई मुखस्थ भन्नुहोस्।

५ **क** बेठीक **ख** बेठीक **ग** ठीक

१२ ख. मोशा, शमूएल र तिमोथियस

६ हितोपदेश

१३ घरका सबै कामहरूलाई परिपाटी मिलाउनु, र आफ्नो पतिको सहायता प्राप्त गर्नु।